## येशूले तपाईंको निम्ति काम गर्नुहुन्छः

सेवकाई र नेतृत्वमा हामी के गरिरहेका छौं, कसरी गरिरहेका छौं भन्ने कुरामा धेरै ध्यान दिइन्छ। हाम्रो सेवकाई र हाम्रो नेतृत्वका लागि उत्तम अभ्यास, हामीले गरिरहेको कामको बारेमा धेरै तालिम हुन्छ, र यो बुझ्न सकिने कुरा हो।

तर खम्बाहरूको पाठ्यक्रममा येशूले गरिरहनुभएको कामको विषय पनि धेरै महत्त्वपूर्ण हुन्छ। धेरैजसो, हामी आफूले गरिरहेका सबै कुरामा धेरै ध्यान हुन्छौं। हामी अहिले येशूले काम गरिरहनुभएको छ भनी भुल्छौं। यदि तपाईंले अहिले येशूले तपाईंका लागि के गरिरहनुभएको छ भनी जान्नुभयो भने तपाईं अभिभूत हुन सक्नुहुन्छ र तपाईंको विश्वास बढेको देख्न सक्नुहुन्छ, "म जे गरिरहेको छु त्यसमा विश्वासी हुनुपर्छ, तर यदि मैले येशूले अहिले मेरो लागि के गरिरहनुभएको छ भनी जानें भने, म उहाँलाई मेरो सेवकाईको निम्ति मात्र होइन, मेरो जीवनका निम्ति पनि भरोसा गर्न सक्छु।"

येशूले अहिले मेरो लागि के गरिरहनुभएको छ भन्ने यो विचार येशूको नयाँ करारको एउटा दृष्टान्तद्वारा वर्णन गरिएको छ। येशूका केही धेरै नजिकका साथीहरू, दुई दिदी-बहिनी थिए र तिनीहरूको लाजरस नाउँको एक जना भाइ थियो। अनि लाजरस बिरामी पर्छन्, र यी दुई दिदी-बहिनीले येशूलाई लाजरसको लागि प्रार्थना गर्न र उसलाई निको पार्न आउनुहोस् भनी खबर पठाउँछन्। तर येशू आउनुहुन्न। एक अर्थमा, यी दुई दिदी-बहिनीले हाम्रो प्रतिनिधित्व गर्छन्। यो उनीहरूले पठाएका खबर हाम्रो जीवन र हाम्रो सेवकाईमा हामीले गर्ने प्रार्थना जस्तै हो।

हामी येशूलाई केही गर्न आग्रह गर्छौं, र त्यसपछि त्यो काम हुँदैन। र हामी के भयो होला भनी सोच्दछौं, र हामी यस प्रकारको चक्रमा फस्छौं। यो कुरा यस्तो अपेक्षाबाट सुरु हुन्छ, "निश्चय येशूले केही गर्नुहुनेछ। उहाँ लाजरसलाई प्रेम गर्नुहुन्छ। उहाँले हामीलाई प्रेम गर्नुहुन्छ। निश्चय पनि येशूले सेवकाईमा मेरो खाँचोहरूको उत्तर दिनुहुनेछ। उहाँ मलाई वास्ता गर्नुहुन्छ, र हामीसँग एउटा आशा छ।" तर त्यसपछि यसले हामीले सोचे जस्तो प्रकारले काम गर्दैन, र त्यो आशा चाँडै निराशामा परिणत हुन्छ। र हामी यो किन भएन भनी सोच्दछौं।

त्यो निराशा पछुतोमा परिणत हुन्छ। अन्त्यमा, येशू आउनुहुँदा ती दिदी-बहिनीले येशूलाई भनेकी कुरामध्ये एउटा यो हो, "काश! तपाईं यहाँ हुनुभएको भए।" हाम्रो मनमा पनि त्यही वाक्यांश हुन्छ, "काश! मैले कामहरू फरक तरिकाले गरेको भए।" काश! त्यो अर्को व्यक्ति हामीसँग सामेल भएको भए। काश! हामीले त्यो सम्झौता गर्न सकेको भए। काश! त्यसो भएको भए! अनि हामी आशाबाट निराशा हुन्छ अनि पछुतो गर्न थाल्छौं र हामी हताश हुन्छौं। हामी विश्वास गुमाउन थाल्छौं र हामी आशा गुमाउन थाल्छौं। त्यो चक्रमा येशूले जे गर्नुभयो त्यसको बारेमा ठूलो उद्देश्यसहित यो कथा(घटना)आउँछ। अनि लाजरसलाई पुनर्जीवित पारिएको यो घटना अहिले हाम्रा लागि एउटा उदाहरणको रूपमा छ, यहाँ येशूले तपाईंका लागि के गरिरहनुभएको छ। त्यो घटना वास्तवमा येशूले लाजरसको चिहानमा आउनु अघि उहाँले खबर पाउनुभएको समयमा नै सुरु हुँदछ।

अहिले, येशूले तपाईंको लागि गरिरहनुभएको पहिलो कुरा भनेको उहाँले तपाईंका लागि प्रार्थना गरिरहनुभएको छ। यो घटनाको अन्त्यतिर, यूहन्ना ११:४१ मा भनिएको छ,"येशूले मास्तिर नजर उठाएर भन्नुभयो, "हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो। म जान्दथें, कि तपाईंले मेरो बिन्ती सधैं सुन्नुहुन्छ।" येशूले के गरिरहनुभएको छ के तपाईं देख्नुहुन्छ?

उहाँले प्रार्थनाको कुरा गर्दै हुनुहुन्छ। म सोच्छु, उहाँले खबर पाउनुहुन्छ, उहाँ टाढा हुनुहुन्छ र त्यही क्षणबाट पुत्रले त्यस परिस्थितिको बारेमा पितासँग कुरा गर्न थाल्नुहुन्छ। मानिसहरू लाजरसको बारेमा कुरा गर्छन्, ती दिदी-बहिनीको बारेमा कुरा गर्छन्। तिनीहरू परमेश्वरले कसरी महिमा प्राप्त गर्नुहुनेछ

भन्ने बारेमा कुरा गर्छन्। त्यहाँ कुराकानी भइरहेको छ। अहिले, स्वर्गीय स्थानहरूमा पिता र पुत्रबीच तपाईंको विषयमा कुराकानी भइरहेको छ। उहाँहरूले के भनिरहनुभएको छ सो मलाई थाहा छैन, तर म भन्न सक्छु, कि उहाँहरू तपाईं र तपाईंको सेवकाईको बारेमा असल कुराहरू गर्दैहुनुहुन्छ। किनकि धेरै पटक जब हामी निराशाको चक्रमा फस्छौं, तब हाम्रो मनमा यस्तो प्रश्न हुन्छ, "के परमेश्वर साँच्चै मेरो पक्षमा हुनुहुन्छ?"

"के उहाँ साँच्चै वास्ता गर्नुहुन्छ?" जब तपाईं अहिले पिता, पुत्र र आत्माले यसको बारेमा कुराकानी गर्दै हुनुहुन्छ, उहाँहरूले असल योजनाहरू बनाइरहनुभएको छ भनी जान्नुहुन्छ। मेरो लागि, येशूले मेरो लागि प्रार्थना गरिरहनुभएको छ र उहाँले मेरो बारेमा पितासँग कुरा गरिरहनुभएको छ भनी जानेपछि मैले मेरा शब्दहरू परमेश्वरको कुराकानीसँग मेल खानुपर्छ भनी सुनिश्चित गर्नुपर्छ।

मलाई तपाईंको परिस्थितिको बारेमा पिता र पुत्रबीच भइरहेको कुराकानीको विवरण विशेष रूपमा थाहा छैन, तर म जान्दछु, ती आशा, आनन्द, विश्वास र आशिषका शब्दहरू हुन्।

तपाईंले आफ्ना शब्दहरू ती शब्दहरूसँग मेल खानुपर्छ भनेर सुनिश्चित गर्नुपर्छ ताकि तपाईं एकतामा हुनुहोस्।
विश्वासका गौरवशाली निर्माताहरूमध्ये एक येशू अहिले लाजरसको बारेमा जस्तै पितासँग कुरा गर्न तपाईंका लागि काम गर्दै हुनुहुन्छ। येशूले यो प्रार्थना सुरु गर्नुहुन्छ र उहाँ पितासँग कुरा गर्दै हुनुहुन्छ। अन्त्यमा, उहाँ भन्नुहुन्छ, "ठीक छ, चेला हो, अब जाने समय भयो।" हामी जान्दछौं, जब तिनीहरू त्यहाँ पुग्छन्, लाजरस पहिले नै मरिसकेका छन्। उहाँ त्यहाँ पुग्नुहुन्छ र ती दिदी-बहिनी दगुर्दै उहाँकहा आउँछन्, जो धेरै चिन्तित हुन्छन्।

पहिलीले भन्छिन्, "तपाईं यहाँ हुनुहुँदो हो त...।" यूहन्ना ११:२५ मा येशूले के भन्नुहुन्छ हेर्नुहोस्। येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ।"

"के तिमी यो विश्वास गर्छ्यौ?" त्यो क्षणको कल्पना गर्नुहोस्। तिनी चिन्तित छिन्। तिनको एउटा समस्या थियो र येशू त्यो समस्याको समाधान हुनुहुनेछ भनी तिनले सोचिन्, तर अब उनी त्यस कुरामा विश्वास गर्दिनन्।

तिनी हामीजस्तै छिन्। हामीसँग समस्या छ। हामी विश्वास गर्छौं कि येशू त्यो समस्याको समाधान हुनुहुन्छ। येशूले के गर्नुहुन्छ के तपाईंलाई थाहा छ? उहाँ आफैलाई प्रकट गर्नुहुन्छ। उहाँले तपाईंको समस्या जान्नुहुन्छ। उहाँले जान्नुहुन्छ, कि उहाँ नै त्यो समस्याको समाधान हुनुहुन्छ, तर त्यो समस्या र समाधानको बीचमा येशू तपाईंलाई एउटा प्रकाश दिन चाहनुहुन्छ।

उहाँ केवल तपाईंका लागि प्रार्थना गरिरहनुभएको छैन। उहाँले आफैलाई तपाईंकहाँ प्रकट गर्दै हुनुहुन्छ। उहाँ मार्थाकहाँ आउनुहुन्छ र भन्नुहुन्छ, "सुन, त्यहाँ समस्या छ भनी मलाई थाहा छ, तर म पुनरुत्थान र जीवन हुँ। के तिमी यो विश्वास गर्छ्यौ?" म चाहन्छु, तिमीलाई म को हुँ भन्ने बारेमा अझ ठूलो प्रकाश मिलोस्, किनकि धेरै पटक जब हामी ती दिदी-बहिनी जस्तै निराशाको चक्रमा फस्छौं, तब हाम्रो प्रश्न 'येशूले मलाई किन जवाफ दिइरहनुभएको छैन?' भन्ने हुन्छ।

समाधान कहाँ छ? मलाई समस्या थाहा छ। समाधान कहाँ छ? येशू भनिरहनुभएको छ, "म समाधान ल्याइरहेको छु, तर म को हुँ भन्ने विषयमा तिमीकहाँ अझ ठूलो प्रकाश ल्याउन चाहन्छु।"

यो यति महत्त्वपूर्ण हुनुको कारण यो हो कि जब म येशूले काम गर्दै हुनुहुन्छ भन्छु, तब उहाँले प्रार्थना गरिरहनुभएको हुन्छ। उहाँले तपाईंका लागि प्रार्थना गरिरहनुभएको छ र उहाँले आफैलाई तपाईंकहाँ प्रकट गरिरहनुभएको छ, किनकि कहिलेकहीं हामी त्यो समाधानले हाम्रा सबै आवश्यकताहरू पूरा गर्नेछ भनी

सोच्दछौं। वास्तवमा येशूको प्रकाशले मात्र हाम्रा आवश्यकताहरू पूरा गर्दछ। नयाँ करारमा साथीहरूको बारेमा एउटा घटना छ, जुन साथीहरूले आफ्नो साथीलाई खाटसँगै बोकेर ल्याई भिड लागेको घरमा छानुबाट उसलाई भित्र ओह्रालिदिन्छन्। यो साथी पक्षाघाती छ। ऊ हिँड्न सक्दैन र येशू उसको नजिक आउनुहुन्छ। येशूले, "तिमी निको भयौ। उठेर हिँड" भन्नुभएन। त्यो मानिसमा समस्या छ। उसलाई समाधानको खाँचो छ। उसलाई हिँड्नु परेको छ। म सोच्छु, जब येशूले उसलाई हेर्नुभयो र "तिमी निको भया" भन्नुभएन तब उसले के सोच्यो होला! येशूले उसलाई हेरेर भन्नुहुन्छ, "तिम्रा पापहरू क्षमा भए।"

मैले सोचेँ, सायद त्यो मानिसले यसो भन्यो होला,"साँच्चै? के हामीले आत्मिक कुराकानी पछिबाट गर्न सक्दैनौं? अहिले मेरो समस्याको समाधान भनेको मलाई हिँड्नु परेको छ।" म सोच्छु, येशूले त्यो मानिसको छेउमा घुँडा टेकेर भन्नुभयो, "तिमीलाई थाहा छ, तिम्रो सबैभन्दा ठूलो समस्या तिमी हिँड्न नसक्नु हो भनी तिमी सोच्छौ। यो कोठालाई हेर। त्यो यस्ता मानिसहरूले भरिएको छ, जो हिँड्न सक्छन्। के तिमी तिनीहरू सबै खुसी छन् भनी सोच्छौ? के तिमी तिनीहरू सबै आनन्दले भरिएका छन् र सन्तुष्ट छन् भनी सोच्छौ?" येशूले यो पक्षाघातीलाई एउटा प्रकाश दिनुहुन्छ। "तिम्रा पापहरू क्षमा भए।" त्यसपछि उहाँले समाधान पनि ल्याउनुहुन्छ। त्यो मानिस निको हुन्छ। यो सेवकाईमा यसो गर्नु धेरै महत्त्वपूर्ण छ।

हामी प्रायः समस्याको समाधान त्यस बेला मात्र खोज्छौं जब येशूले उहाँ को हुनुहुन्छ भन्ने कुराको प्रकाश दिन चाहनुहुन्छ, जो त्यो समस्याभन्दा पनि धेरै महान् हुन्छ। सेवकाईमा तपाईंका लागि नराम्रो खबर यो छ कि तपाईंलाई त्यहाँ सधैं समस्याहरू हुनेछन् र ती समस्याहरूलाई सधैं समाधानको आवश्यकता पर्नेछ। तर तपाईंले आफ्नो मन र हृदय येशूले तपाईंलाई दिन चाहनुभएको प्रकाशका लागि खोल्नुभयो भने समयको त्यो झ्यालमा तपाईं वास्तवमा उहाँको नजिक हुनुहुनेछ र उहाँ को हुनुहुन्छ भन्ने कुरामा अझ बढी विश्वास गर्नुहुनेछ। येशू तपाईंका लागि प्रार्थना गर्दै हुनुहुन्छ र उहाँले आफैलाई तपाईंकहाँ प्रकट गर्दै हुनुहुन्छ। उहाँले अझै काम पूरा गरिसक्नुभएको छैन। जब येशू आउनुहुन्छ, उहाँले रोइरहेका र कराइरहेका यी सबै मानिसहरूलाई देख्नुहुन्छ। यहाँ यूहन्ना ११:३३ मा यसरी वर्णन गरिएको छ। जब येशूले तिनलाई रोइरहेकी देख्नुभयो र तिनीसँगै आएका यहूदीहरूलाई पनि रोइरहेका देख्नुभयो, तब उहाँ आत्मामा ज्यादै व्याकुल हुनुभयो अनि अति दुःखित हुनुभयो।

त्यो व्याकुल हुनुभयो शब्दको वास्तविक अर्थ येशू अत्यन्तै रिसाउनुभएको थियो भन्ने हो। उहाँ त्यो दृश्यमा आउनुहुन्छ र उहाँले मानिसहरूलाई धेरै दुःखले भरिएका र धेरै टुटेका देख्नुहुन्छ। उहाँले रोगको भयावहता र यसले लाजरसको जीवनलाई कसरी नष्ट गरेको छ भनेर देख्नुहुन्छ, तब उहाँ साँच्चै रिसाउनुहुन्छ।

उहाँ किन रिसाउनुभएको छ? किनकि, जब येशूले यो दृश्य हेर्नुहुन्छ, तब उहाँलाई थाहा हुन्छ कि यो त्यो संसार होइन जुन परमेश्वरले सृष्टि गर्नुभएको थियो। यो परमेश्वरले उहाँको मनमा राख्नुभएको योजना र सपना होइन भनी बुझ्नुभयो।

परमेश्वरले रोग, दुःख, पाप र दुष्टताले भरिएको संसार बनाउनुभएको थिएन। जब उहाँले त्यो देख्नुहुन्छ, त्यसले उहाँलाई क्रोधित बनाउँछ। येशूले के गर्दै हुनुहुन्छ के तपाईंलाई थाहा छ?

उहाँले तपाईंका लागि प्रार्थना गर्दै हुनुहुन्छ। उहाँ आफैलाई तपाईंसामु प्रकट गर्दै हुनुहुन्छ। यस वाक्यांशमा हामी थाहा पाउँछौं कि येशू तपाईंका लागि लडाइँ लड्दै हुनुहुन्छ। उहाँ वास्तवमा तपाईंका लागि लडिरहनुभएको छ। धेरै पटक जब हामी निराशाको चक्रमा फस्छौं, र हामी भन्छौं, "यो कसरी हुन सक्छ?" हामी यो भन्छौं, "यो अनुचित छ।" हामी आफ्नो जीवन, आफ्नो परिस्थिति, हाम्रो सेवकाई, हाम्रो परिवारलाई हेर्छौं र भन्छौं, "यो अन्यायपूर्ण छ।" तपाईंलाई थाहा छ, येशूले हामीलाई कस्तो जवाफ दिनुहुन्छ? उहाँ भन्नुहुन्छ,"म सहमत छु। यो अनुचित छ। यो अन्यायपूर्ण छ। यो त्यो संसार होइन जसका लागि परमेश्वरले यसलाई सृष्टि गर्नुभएको थियो। यो अनुचित छ। यो अन्यायपूर्ण छ।" उहाँ तपाईंका लागि लड्न थाल्नुहुन्छ, जे सही छ र जे ठीक छ त्यसका लागि लड्नुहुन्छ। जब येशू गाउँ-गाउँ घुम्नुभयो र उहाँले रोग-बिमार

देख्नुभयो, उहाँले दुष्टता र पाप देख्नुभयो। जब उहाँले अपाङ्ग वा अन्धा मानिसहरूलाई देख्नुभयो, उहाँले, "असल परमेश्वरले किन यस्तो हुन दिनुहुन्छ?" भन्नुभएन। उहाँले भन्नुभयो, "हामी लडाइँमा छौं र हामीले यसमाथि अधिकार जमाउनु आवश्यक छ।"

जब मलाई येशू मेरो लागि लड्दै हुनुहुन्छ भनी थाहा हुन्छ तब ममा ठूलो विश्वास हुन्छ। पुरानो करारको दाऊद र गोल्यतको कथामा हामीलाई यसको उदाहरण दिइएको छ। धेरै पटक जब हामी दाऊद र गोल्यतको कथा पढ्छौं, हामी देख्छौं, "म दाऊद हुँ र मेरो एउटा गोल्यत छ र परमेश्वरको सहयोगले म मेरो ठूलो शत्रुलाई जित्न सक्छु।" म भक्तिको पक्षबाट यो कुरा बुझ्छु, तर यो वास्तवमा येशूले अहिले तपाईंका लागि के गरिरहनुभएको छ भन्ने कुराको तस्वीर हो। तपाईं जान्नुहुन्छ, दाऊद र गोल्यतको कथामा वास्तवमा हामी दाऊद होइनौं। हामी इस्राएली फौज हौं र हामी कुनामा छौं र हामी लुकेका छौं र हामी डराएका छौं, किनकि हाम्रो सामु धेरै ठूलो शत्रु छ र त्यत्रो ठूलो शत्रु हुँदाहुँदै त्यो कथामा गोठालो आउनु हाम्रो निम्ति अन्यायपूर्ण छ। दाऊदसँग येशूको चित्र छ र गोठालो हामी डराएका देखेर छक्क पर्छन् र भन्छन्, "म शत्रुलाई मार्नेछु।" दाऊद येशूको चित्र हुन्। दाऊद र गोल्यतको कथा एक प्रतिनिधित्व गरिएको कथा हो।

म जे गर्न सक्दिनथें, त्यो येशूले मेरो लागि गर्नुभयो। म शत्रुलाई जित्न सक्दिनँ। म पाप र रोगलाई जित्न सक्दिनँ र येशूले त्यो गर्नुहुन्छ। दाऊदले गोल्यतलाई मारेका क्षण सिपाहीहरूमा यो विश्वास उत्पन्न हुन्छ र तिनीहरू विजयमा अगाडि बढ्छन् र तिनीहरूले शत्रुलाई पराजित गर्छन्। येशू तपाईंका लागि लड्दै हुनुहुन्छ र जब तपाईंलाई उहाँ तपाईंका लागि लड्दै हुनुहुन्छ, उहाँ तपाईंका लागि प्रार्थना गर्दै हुनुहुन्छ, उहाँले आफैलाई प्रकट गर्दै हुनुहुन्छ, उहाँ तपाईंका लागि लड्दै हुनुहुन्छ भनी थाहा पाउनुहुन्छ, तब तपाईंभित्र विश्वास उत्पन्न हुन्छ। तर यो कथा अझै सकिएको छैन, किनकि मरियम उहाँलाई भेट्न आउँछिन् र तिनी रोइरहेकी हुन्छिन्।

यूहन्ना ११:३५ मा यस्तो भएको छ। यो नयाँ करारको सबैभन्दा छोटो पद हो-"येशू रुनुभयो।" अब रोकिनुहोस् र यसबारे सोच्नुहोस्। उहाँ किन रुनुभयो? येशू आउनुहुन्छ। त्यहाँ अन्त्येष्टि हुन्छ। येशूलाई थाहा छ, कि उहाँले चमत्कार गर्नुहुनेछ। उहाँले लाजरसलाई मृतकबाट फेरि जीवित पार्नुहुनेछ भनी जान्नुहुन्छ। येशूले त्यो अन्त्येष्टि सबैभन्दा ठूलो आनन्दमा परिणत हुनेछ भनी जान्नुहुन्छ। यदि म येशू हुँ र म त्यहाँ आउँछु र म यी सारा आँसुहरूलाई ठूलो आनन्दमा परिणत गर्नेछु भनी जान्दछु भने म सायद रुन सक्दिनँ। अरू केही नभए पनि मलाई मुस्कुराउन र त्यो मुस्कान लुकाउने कोसिस गर्नु गाह्रो हुनेछ। यो मेरो खल्तीमा त्यो चमत्कार छ भने जस्तो हो। मलाई केही कुरा थाहा छ जुन तपाईंलाई थाहा छैन। तापनि जब येशू तिनीहरूकहाँ आउनुहुन्छ र उहाँले तिनीहरूलाई रोइरहेका देख्नुहुन्छ, त्यो पदले स्पष्ट भन्छ, "उहाँ रुनुभयो।" किन?

येशूले चमत्कार गर्न लाग्नुभएको भए पनि उहाँ रुनुभयो, उहाँ तिनीहरूको हृदयसँग यति धेरै जोडिनुभएको छ, कि उहाँले तिनीहरूको पीडा महसुस गर्नुहुन्छ। येशू तपाईंका लागि प्रार्थना गर्नुहुन्छ। उहाँले आफैलाई तपाईंकहाँ प्रकट गर्नुहुन्छ। उहाँ तपाईंका लागि लड्नुहुन्छ। तर यो सबैभन्दा महत्त्वपूर्ण सत्य हुन सक्छ। येशू तपाईंसँगै रुनुहुन्छ। किनकि जब हामी कठिन समय र त्यो निराशाबाट गुज्रन्छौं, तब हामी प्रायः कसैले मलाई हेर्दैन, कसैले मलाई बुझ्दैन, म यसमा एक्लो छु भन्ने गर्छौं। हामी एक्लो महसुस गर्छौं र हामीलाई हेरोस्, हामीलाई बुझिदिओस् भन्ने चाहन्छौं। यहाँ येशूको तस्वीर छ। उहाँले आफ्नो आश्चर्यकर्म गर्न लाग्नुभएको भए पनि उहाँ रुनुहुन्छ। उहाँ हामीसँगै विलाप गर्नुहुन्छ। जब तपाईं सुत्न जानुहुन्छ र सिरानीमा टाउको राखेर त्यो छोरा वा छोरी वा सेवकाईमा त्यो कठिनाइका लागि रोइरहनुभएको छ, तपाईंले जान्नुपर्छ कि त्यसरी रुने तपाईं एक्लै हुनुहुन्न। यो त येशूले, "म तिमीलाई कमजोर हुने अनुमति दिन्छु" भनिरहनुभएको जस्तो हो। सेवकाईका अगुवाको रूपमा, म तिमीलाई कमजोर हुने अनुमति दिन्छु

किनकि त्यसपछि म तिम्रो लागि बलियो हुनेछु। यो हामीलाई दिइएको हाम्रा प्रभुको अचम्मको तस्वीर हो, किनकि प्रायः हामी त्यो चक्रमा फस्छौं र हामी, "हे परमेश्वर, यहाँ के भइरहेको छ?" भनी सोच्छौं।

हामी जान्दछौं, उहाँ हाम्रा लागि काम गर्दै हुनुहुन्छ, हाम्रा लागि प्रार्थना गर्दै हुनुहुन्छ, आफैलाई हामीकहाँ प्रकट गर्दै हुनुहुन्छ। उहाँ हामीसँगै रुँदै हुनुहुन्छ। उहाँ के हुनुहुन्छ र के गर्दै हुनुहुन्छ भनी हामीलाई देखाउन काम गर्दै हुनुहुन्छ। उहाँ हाम्रा लागि लडाइँ लड्दै हुनुहुन्छ। त्यसपछि अन्त्यमा यूहन्ना ११:४० पद हेर्नुहोस्। येशूले एउटा आश्चर्यकर्म गर्न लाग्नुभएको छ र उहाँले लाजरसलाई मृतकबाट फेरि जीवित पार्नुहुन्छ। उहाँले यसो भन्नुहुन्छ, "के मैले तिमीलाई भनेको होइन, तिमीले विश्वास गर्‍यौ भने परमेश्वरको महिमा देख्नेछ्यौ?"

कहिलेकहीं जब हामी निराशा अवस्थामा हुन्छौं, तब हामी, "यो किन भइरहेको छ?" भनी प्रश्न गर्छौं।

परमेश्वरले कहिल्यै कुनै पनि दुःख वा कठिनाइलाई खेर जान दिनुहुन्न। उहाँले आफ्नो उत्तर ल्याउनुहुन्छ। उहाँले आफ्नो आश्चर्यकर्म ल्याउनुहुन्छ। उहाँले आफ्नो चंगाइ ल्याउनुहुन्छ, तर उहाँले यो महान् उद्देश्य ल्याउनुहुन्छ। "तिमीहरूले परमेश्वरको महिमा देख्नेछौ" भनी के मैले भनेको होइन? कहिलेकहीं हाम्रो जीवनमा परिस्थितिहरू कठिन हुन्छन्, तर तीद्वारा परमेश्वरले धेरै ठूलो महिमा प्राप्त गर्नुहुनेछ। त्यो क्षणद्वारा परमेश्वरले त्यस्तो महिमा प्राप्त गर्नुहुनेछ जुन उहाँले अन्यथा कहिल्यै प्राप्त गर्न सक्नुहुन्न। ती दिदी-बहिनीले र लाजरसले त्यो कुरा सिक्छन्। यहाँ एउटा विनम्र सुन्दरता छ कि परमेश्वरले उहाँको महिमा ल्याउन मलाई प्रयोग गर्न चाहनुहुन्छ। परमेश्वरले मेरो जीवन र सेवकाईको प्रक्रियामा मलाई उहाँको महिमा ल्याउन उपयुक्त देख्नुहुन्छ। त्यसैले येशूले मलाई जवाफ दिइरहनुभएको छ। उहाँ मेरो लागि प्रार्थना गरिरहनुभएको छ। उहाँ आफैलाई मकहाँ प्रकट गर्दै हुनुहुन्छ। उहाँ मेरो लागि लडिरहनुभएको छ। उहाँ मसँग रोइरहनुभएको छ, तर उहाँले मलाई जवाफ दिइरहनुभएको छ, तर उहाँले मेरो प्रार्थनाको अनुरोधको जवाफ मात्र दिइरहनुभएको छैन। उहाँसित धेरै ठूलो कार्यक्रम छ। उहाँले मेरो प्रार्थनाको जवाफ यसरी दिनुहुनेछ जसद्वारा उहाँलाई ठूलो महिमा मिल्नेछ। त्यो धेरै अचम्मको छ। कहिलेकहीँ सेवकाईमा अगुवाहरूको रूपमा, हाम्रो ध्यान सधैं हामी के गरिरहेका छौं, हामी यसलाई कसरी राम्रोसँग गर्न सक्छौं, हामीले कति कडा परिश्रम गर्नु आवश्यक छ, हामीलाई कुन रणनीतिहरू चाहिन्छ, हामीलाई कस्तो नेतृत्व विकास गर्नु आवश्यक छ र मेरा सबै ऊर्जा म के गरिरहेको छु भन्ने कुरामा केन्द्रित हुन्छ। के तपाईं एक क्षण रोकिएर येशूले अहिले तपाईंका लागि के गरिरहनुभएको छ भन्नेबारे सोच्नुहुन्छ?

यदि तपाईं ती दिदी-बहिनीजस्तो अवस्थामा हुनुहुन्छ जहाँ तपाईं अलमल्ल पर्नुभएको छ र तपाईंसँग यी प्रश्नहरू छन् भने, होइन। पिता र पुत्रले तपाईंको विषयमा कुरा गरिरहनुभएको छ र उहाँहरूले तपाईंको निम्ति साँच्चै असल योजनाहरू बनाइरहनुभएको छ। अनि यदि तपाईंले त्यो आवश्यकतालाई आलमारीमा राखेर, "हे येशू, तपाईं को हुनुहुन्छ मलाई देखाउनुहोस्। मलाई यसद्वारा बढ्न दिनुहोस्" भन्नुभयो भने येशूले आफैलाई प्रकट गर्न चाहनुहुन्छ। उहाँ तपाईंका लागि लडाइँ लडिरहनुभएको छ। उहाँले तपाईंलाई नाश हुन दिनुहुनेछैन र उहाँ तपाईंसँगै रुनुहुन्छ। उहाँले तपाईंलाई भेट्टाउनुहुन्छ। तपाईं एक्लो हुनुहुन्न। अनि उहाँले आफ्नो जवाफ यस्तो तरिकाले ल्याउनुहुन्छ जसले तपाईंको आवश्यकता मात्र पूरा नगरी तपाईंद्वारा परमेश्वरले महिमा प्राप्त गर्नुहुनेछ।

तपाईं धेरै कृतज्ञ हुनुहोस्, आज येशू तपाईंका लागि काम गरिरहनुभएको छ।